"प्राकृतिक सम्पदायुक्त हराभरा सहर, सम्पूर्ण नगरबासीको एउटै रहर"

# परशुराम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्याः- २०८२/०८३
चलानी नम्बरः- २०६८

जोगबुडा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल।

मितिः २०८३ जेठ ५ गते

**विषयः खर्चमा पारदर्शिता र मितव्ययिता कायम गर्ने सम्बन्धमा।**

श्री वडा सचिवहरू (सबै),
परशुराम नगरपालिका,
सुदूरपश्चिम प्रदेश, डडेल्धुरा।

यस परशुराम नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ का लागि आन्तरिक राजस्व संकलनको लक्ष्य रु. २ करोड ६० लाख निर्धारण गरिएकोमा २०८३ बैशाख मसान्तसम्म जम्मा रु. ९७ लाख ३८ हजार (लक्ष्यको ३७.४५ प्रतिशत) मात्र असुली भएको छ। यसरी लक्ष्यभन्दा अत्यन्तै न्यून राजस्व संकलन हुँदा स्रोतमा अत्यधिक चाप पर्न जाँदा आन्तरिक स्रोत अन्तर्गतका कार्यक्रम तथा क्रियाकलाप सञ्चालन, र दैनिक प्रशासनिक खर्च तथा अनिवार्य दायित्वतर्फका कार्यका लागि भुक्तानी गर्न स्रोतको अभाव हुन गएको छ।

यस परिस्थितिमा नगरपालिकाको स्रोत व्यवस्थापनलाई प्रभावकारी बनाउन *वडा कार्यालयबाट हुने खरिद कार्यहरू र योजना तथा कार्यक्रम सञ्चालनमा अनावश्यक तथा फजुल खर्च नगरी उच्च मितव्ययिता, पारदर्शिता र वित्तीय अनुशासन कायम गर्नु गराउनुहुन।* साथै, वडा कार्यालबाट माग हुने जिन्सी मालसामान तथा मसलन्द, खरिद प्रस्तावहरू र कार्यक्रमको अध्ययन एवम् विश्लेषण समेत भइरहेको छ। निकट भविष्यमा स्वीकृत माग फारामबमोजिम खरिद भएका *खर्च भएर जाने र खर्च भएर नजाने* सम्पूर्ण मालसामानको दाखिला, खर्च अभिलेख र स्टोर तथा कार्यालय निरीक्षण गरिने व्यहोरा समेत अनुरोध छ।

२०८३।२।०५

(खगेन्द्र साउँद)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री आर्थिक प्रशासन शाखाः जानकारीका लागि अनुरोध छ।

श्री जिन्सी शाखाः जानकारीका लागि अनुरोध छ।

श्री प्रशासन शाखाः सम्पूर्ण वडा सचिवहरूलाई जानकारी गराउनुहुन।

श्री सूचना प्रविधि शाखाः Website मा Upload गर्नुहुन।